म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २७४ २०८१ भदौ ११ गते मंगलबार 27 August 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## ठूलीमाया मृत भेटिइन्

### नाती प्रहरी नियन्त्रणमा

हेटौंडाः हेटौंडा-११, भैरवडाँडामा एक वृद्धा मृत अवस्थामा भेटिएकी छिन् । सोमबार बिहान ९ बजेर ४० मिनेटको समयमा ७१ वर्षीया ठूलीमाया ओछ्यानमा मृत अवस्थामा भेटिएकी हुन् ।

ठूलीमायाको दुबै कानबाट रगत बगेको पाइएको र घटना शंकास्पद भएकोले प्रहरीले जनाएको छ । प्रहरीले ठूलीमायाकी नाती २८ वर्षीय प्रविण बिश्वकर्मालाई नियन्त्रणमा लिएको जनाएको छ । घटनास्थल सुरक्षित राखेर अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ । घरमा ठूलीमाया र २८ वर्षीया नाती प्रविण बिश्वकर्मा मात्रै बस्दै आएका थिए ।

# सार्वजनिक विदामा सेवा प्रवाह, सेवाग्राही न्यून

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय (जिप्रका) मकवानपुरले शनिबार बाहेकका कतिपय सार्वजनि विदामा पनि सेवा प्रवाह गर्दै आएको छ । तर, सार्वजनिक विदाका दिन सेवा लिन आउने सेवाग्राहीको उपस्थिति भने न्यून हुने गरेको छ ।

सोमबार श्रीकृष्ण जन्माष्टमीको अवसरमा देशभर सार्वजनिक विदा थियो । तर, जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट सेवा प्रवाहको कार्य भने चलिरहेको थियो । सोमबार जिप्रका मकवानपुरमा सेवाग्राही न्यून थिए ।

नागरिकहरुलाई जिल्ला प्रशासन कार्यालयलगायत अन्य केही सरकारी कार्यालयहरुमा सार्वजनिक विदामा पनि सेवा प्रवाह हुन्छ भन्ने जानकारी नभएकै कारण सेवाग्राहीको उपस्थिति न्यून भएको हुनसक्ने अनुमान गरिएको छ । सोमबार जिप्रका मकवानपुर खुलै थियो, कर्मचारीहरु सेवा दिनका लागि बसिरहेका थिए । सेवाग्राही भने अन्य दिनको तुलनामा निकै कम थिए ।

करिब डेढ वर्ष अगाडिदेखि सरकारले राजपत्रमा नै उल्लेख गरेर सार्वजनिक विदामा अत्यावश्यक सेवा प्रवाह गर्ने सरकारी कार्यालयहरु खुला रहने निर्णय गरिसकेको छ । सोमबार नागरिकता फाँटमा नयाँ नागरिकता बनाउनका लागि कोही उपस्थित भएनन् । फाँटका नायव सुब्बा गणेश नेपालीका अनुसार सोमबार नागकिरता प्रतिलिपि लिन र नागरिकता रद्द गर्न एक-एक जना सेवाग्राहीमात्र आएका छन् । सार्वजनिक विदाबाहेकका दिनमा दैनिक १० जनाभन्दा बढीले नयाँ नागरिकता लिने गरेको उहाँले बताउनुभयो ।

राहदानी शाखामा ७ जनाले मात्र राहदानी बनाउनका लागि फोटो खिचाए भने ५ जनाले मात्र आफ्नो राहदानी लिए । उक्त शाखाका नायव सुब्बा विनोद अर्यालका अनुसार अरुबेला दैनिक १ सयभन्दा बढीको संख्यामा राहदानीका फोटो खिचाउने र ८० देखि ९० जना राहदानी लिन आउने गरेका थिए ।

राष्ट्रिय परिचयपत्रका लागि ५२ जनाले फोटो खिचाएका छन् भने २ जनाले राष्ट्रिय परिचयपत्रको कार्ड लिएका छन् । राष्ट्रिय परिचयपत्र फाँटकी यशोदा मैनालीका अनुसार अन्य दिनमा दैनिक २ सय जनाको हाराहारीमा सेवाग्राहीहरु फोटो खिचाउनका लागि आउने गर्दथे ।



*सेवाग्राहीको न्यून उपस्थितिका कारण राष्ट्रिय परिचयपत्रका लागि फोटो खिच्ने स्थानमा सुनसान अवस्था ।*

## हामी सेवा दिन तयार छौं, तर सेवाग्राही नै छैनन्: सहायक प्रजिअ श्रेष्ठ

जिल्ला प्रशासन कार्यालय मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी (सहायक प्रजिअ) लोकमान श्रेष्ठले आफूहरु जनतालाई सेवा दिन तयार भए पनि सेवाग्राही नै उपस्थित नभएपछि समस्या भएको बताउनुभयो । 'अहिले हामी सार्वजनिक विदामा पनि जनतालाई सेवा दिनुपर्छ भनेर उपस्थित भएका छौं । सबैजना कर्मचारीहरु सेवा दिनका लागि तयार हुनुहुन्छ', सहायक प्रजिअ श्रेष्ठले भन्नुभयो- 'सेवाग्राहीको उपस्थिति ज्यादै न्यून छ । उहाँहरु उपस्थित नभएपछि सेवा दिन पाइरहेका छैनौं ।'

उहाँले सोमबार कार्यालयमा न्यून सेवाग्राही उपस्थित भएको बताउनुभयो । कतिपय सेवाग्राहीले सार्वजनिक विदा भनेपछि सबै कार्यालय बन्द हुने सोचेको हुनसक्ने तथा सरकारले नै राजपत्रमा उल्लेख गरेको अत्यावश्यक सेवाहरु प्रवाह हुन्छ भन्ने कुरा थाहा नहुँदा यस्तो भएको हुनसक्ने उहाँको भनाइ छ । सहायक प्रजिअ श्रेष्ठका अनुसार कार्यालयले नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानीलगायतका अत्याश्यक जनताको सेवाहरु प्रवाह गरिरहेको छ ।

सरकारले राजपत्रमा उल्लेख गरेको सार्वजनिक सेवा प्रवाहसम्बन्धी विशेष व्यवस्थामा विदामध्ये रामनवमी, चण्डी पूर्णिमा, उभौली पर्व, रक्षाबन्धन र श्रीकृष्ण जन्माष्टमी, घटस्थापना, क्रिसमस डे, उधौली, ज्यापु दिवस, तमु ल्होसार, सोनाम ल्होसार, शिवरात्रि, ग्याल्बो ल्होसार, इद, गाईजात्रा, गणतन्त्र दिवस, सहिद दिवस, राष्ट्रिय प्रजातन्त्र दिवस, बुद्ध जयन्ती र पृथ्वी जयन्तीलगायतका दिनमा जिल्ला प्रशासन कार्यालयले सेवा प्रदान गर्नुपर्ने सहायक प्रजिअ श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार उक्त दिनहरुमा कन्सुलरसम्बन्धी सेवा, भन्सार तथा राजस्वसम्बन्धी सेवा, क्वारेन्टाइनसम्बन्धी सेवा, सवारी चालक अनुमतिपत्र, सवारी दर्ता, नवीकरण र प्रदूषण जाँच, वैदेशिक रोजगार सेवा, मालपोत, खानेपानी, सडक तथा सबै प्रकार अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवालगायतका सेवाहरु दिने कार्यालयहरुले पनि सेवा दिनुपर्ने व्यवस्था छ । उहाँले उक्त दिनहरुमा पनि उपस्थित भएर सेवाग्राहीलाई सेवा लिन आग्रह गर्नुभएको छ ।

# कुलेखानी-सिन्नेरी र कान्तिलोकपथ सुचारु

समाज संवाददाता

हेटौंडाः हेटौंडाबाट काठमाडौं जाने कान्तिलोकपथ र सिस्नेरी-कुलेखानी सडकखण्ड सुचारु भएको छ ।

सोमबार दिउँसोको भारी वर्षाका कारण कान्तिलोकपथको भिमफेदी गाउँपालिका-८ महादेवटार र सिस्नेरी-कुलेखानी सडकको ईन्द्रसरोवर गाउँपालिका-३, रामचन्द्र भञ्ज्याङमा पहिरो खसेर अवरुद्ध भएको थियो । पहिरो पन्छाएर सोमबार साँझ ७ बजेदेखि दुबै सडक सुचारु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । दुबै सडकमा सोमबार दिउँसो साढे ३ बजेको समयमा पहिरो खसेको थियो । पहिरो खसेर सडक अवरुद्ध भएलगत्तै पहिरो पन्छाउन पहल भएको थियो ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

# हेटौंडाको होटलमा युवतीको हत्या

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१०, भुटनदेवी मन्दिर रोडस्थित रत्न होटलमा युवतीको हत्या भएको छ । आइतबार साँझ ५ बजेको समयमा होटलमा युवक र युवती दुईजना पुगेका थिए । सोमबार बिहान अबेरसम्म पनि कोठाको ढोका नखुलेपछि होटल सञ्चालकले प्रहरी र जनप्रतिनिधिलाई खबर गरेका थिए । जनप्रतिनिधि र प्रहरीको रोहबरमा ढोका खोलेर हेर्दा युवती मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

मृतक हेटौंडा-११ निवासी २३ वर्षीया एलिसा न्यौपाने भएको प्रहरीले जानकारी दिएको छ । सँगै आएका युवकले न्यौपानेको हत्या गरेर कोठाको ढोका भित्रबाट बन्द गरी झ्यालबाट बाहिर निक्सिएको प्रहरीको भनाइ छ । होटलको आगन्तुक पुस्तिकामा उल्लेख गरिएको विवरणअनुसार मोवाइल नम्बर गलत टिपाएको बताइएको छ ।

वडाअध्यक्ष फुर्वा दोर्जे लामाका अनुसार आइतबार साँझै हत्या गरेर युवक निस्किएको देखिन्छ । साँझ ५ बजे होटल पुगेपछि बियर र मम मगाएर खाएको र आइतबार साँझ ७ बजेर ५९ मिनेटको समयमा युवक होटलबाट निस्किएको दृश्य सीसी क्यामेरामा कैद भएको वडा अध्यक्ष लामाले जानकारी दिनुभयो । सोमबार बिहान ढोका खोलेर हेर्दा मृतक युवतीको आँखामा चोट लागेको, कोठा रक्ताम्य भएको वडाअध्यक्ष लामाले जानकारी दिनुभयो ।

घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । मृतक युवतीको शव हेटौंडा अस्पतालमा राखिएको प्रहरीले जानकारी दिएको छ ।






समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक


# सम्पादकीय

## संसदीय समितिको औचित्य

संसद र संसदीय समिति एक-अर्काका परिपूरक हुन् । संसद जनताको प्रतिनिधित्व गर्ने एक राज्यको एक महत्वपूर्ण विधायिकी अङ्ग हो, जसले कार्यपालिका (सरकार)का क्रियाकलापको निगरानी गरी सचेत गराउँछ । संसदको कार्यबोझ कम गर्न संसदीय समितिहरु बनाइएका हुन्छन् । संसदीय शासन व्यवस्था भएका सबैजसो देशमा संसदीय समितिहरुको व्यवस्था गरिएको हुन्छ । संसदको समय बचत गर्न र संसदीय कामकारबाहीमा प्रभावकारिता अभिवृद्धि गर्न समितिको महत्वपूर्ण भूमिका हुन्छ । संसदमा कानुन निर्माणदेखि लिएर निगरानी, अनुगमन र मूल्याङ्कन तथा सरकारको नियन्त्रणसम्मका क्रियाकलापमा संसदीय समितिहरुको भूमिका महत्वपूर्ण मानिन्छ । संसदस्य प्रणाली भएका धेरैजसो देशहरुको संसदीय समितिहरुले प्रभावकारी काम गरेर आफ्नो औचित्य पुष्टि गरिरहेका भए पनि नेपालमा भने संसदीय समिति प्रक्रिया पूरा गर्ने थलोमात्र बनिरहेको छ ।

संसदलाई चलायमान र क्रियाशील बनाउने, सार्वभौमिकताको प्रयोग गर्ने वैधानिक एवम् विशिष्टीकृत एकाइ संसदीय समिति हुन् । संसदीय समितिलाई "मिनी पार्लियामेन्ट" पनि भनिन्छ । संसदीय समितिले संसदको अधिकार प्रयोग गर्दै निर्वाचन क्षेत्रको प्रतिनिधित्व, कानुन निर्माण र सरकारको निगरानीजस्ता क्रियाकलापहरु गर्दछन् । देश संघीयतामा गएसँगै संघीय संसदको प्रतिनिधिसभा र राष्ट्रियसभा तथा सातै प्रदेशको प्रदेशसभाका संसदीय समितिहरु क्रियाशील छन् । संघीय संसदअन्तर्गत् प्रतिनिधिसभामा १०, राष्ट्रियसभामा ४ र दुबैको संयुक्त २ समिति रहेका छन् । प्रदेशसभामा सामान्यतया: ५ वटा संसदीय समिति रहे पनि भागबण्डा मिलाउन बागमती प्रदेशसभामा ६ वटा समिति निर्माण गरिएको छ । बागमती प्रदेशसभामा प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र विशेषाधिकार समिति छन् । समितिको सभापति, सदस्य तथा अन्य सांसद र राजनीतिक दलहरुले संसदीय समितिको काम कारबाहीप्रति पर्याप्त चासो नदिँदा यस्ता समितिको औचित्यमाथि प्रश्न उठ्न थालेको छ ।

बागमतीका संसदीय समितिप्रति सांसदको चासो नहुँदा समितिको बैठक नै बस्न सकेको छैन । गत साउन १५ मा मुख्यमन्त्री बहादुरसिंह लामाको विश्वासको मतसम्बन्धी प्रस्तावमाथि छलफलका लागि आह्वान भएको प्रदेशसभा बैठकको मौका पारेर ६ मध्ये २ वटा संसदीय समितिको बैठक बसेको थियो । त्यसयता कुनै पनि संसदीय समितिको बैठक बस्न सकेको छैन । संसदीय समितिको बैठक बसेर समितिमा रहेका ३ विधेयक विगत एक वर्षदेखि अघि बढ्न नसकेको हो । दफाबार छलफलका लागि पठाइएको ३ विधेयक संसदीय समितिमा नै अड्किएपछि प्रदेशसभा बैठकसमेत अन्यौलमा परेको छ । समितिको बैठकमात्र बस्न सांसदहरुले चासो नदिने, समितिले बैठक राखेर विधेयक प्रदेशसभामा नपठाइ प्रदेशसभा बैठक बस्न नसकिने अवस्थाले थप अन्यौलता बढाएको हो ।

प्रदेशसभाबाट एक वर्षअघि नै शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ (संशोधन) र प्रदेश कृषि विकास सम्बनधमा व्यवस्था गर्न बनेको विधेयक दफाबार छलफलका लागि पठाएकोमा अहिलेसम्म ती विधेयकलाई समितिले टुङ्ग्याउन सकेको छैन । गत असोजमा प्रदेशसभा बैठकले प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालनसम्बन्धी विधेयक उद्योग, पर्याटन तथा वातावरण समितिमा पठाएकोमा अझै समितिमा विचाराधीन अवस्थामा छ । प्रदेशसभा सचिवालय र संसदीय समितिका सचिवहरुले समितिको बैठक राख्न पहल गरे पनि सांसदहरुले चासो नदिँदा समस्या भएको बताइएको छ । बैठक बसेर भत्तामात्र खाने र ठोस निर्णय गर्न नसक्ने समस्या समितिमा व्यापक छ । समितिमा पठाइएको विधेयकमा दफाबार छलफल गरी पारित वा संशोधन गर्दै प्रदेशसभामा फिर्ता गर्ने कार्य एक वर्षसम्म पनि पूरा हुन नसक्नुले संसदीय समिति औचित्यहीन बन्दै गएको मान्न सकिन्छ । समितिले समयमै आफ्नो जिम्मेवारी पूरा नगर्दा प्रदेशसभाले काम गर्न सकेको छैन भने समयमा ऐन कानुन नबन्दा सरकारलाई काम गर्न बाधा पुगिरहेको हुँदा समिति बाधक बन्नुले यसको औचित्यमाथि प्रश्न उठ्नु स्वभाविक हो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय मध्यमकारक देखिने समय छ ।
**वृष** : स्नेह र रोमाञ्चकता बढ्ने समय योग देखिन्छ ।
**मिथुन** : रोकिएका कामहरु पुन: सुचारु हुने योग छ ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ ।
**सिंह** : समझदारीले हरेक समस्याहरु पूर्ण हुने समय छ ।
**कन्या** : उदेश्य र आकांक्षा पूर्ण हुने समयको योग देखिन्छ ।
**तुला** : साहित्कि कृत्यमा सरिक भइने समय योग छ ।
**वृश्चिक** : प्रगति र विकासका द्वारहरु बन्द रहने समय छ ।
**धनु** : विश्वासको संकट आइपर्ने समय योग छ ।
**मकर** : योजनाहरु कार्यान्वयन गर्ने समय योग छ ।
**कुम्भ** : रोजगारीको नयाँ अवसर प्राप्त हुने समय छ ।
**मीन** : कर्मप्रति समर्पित र प्रतिष्ठा कमाइने समय योग छ ।

# कर्मचारी प्रशासन सेवामुखी !

**कर्मचारीतन्त्रको उत्तरदायित्व र उत्तरदायित्व अन्ततः केन्द्र सरकारमा नै रहनेछ । शीर्ष लोड संरचना, पुनर्संरचनाबिना राखिएको छ । धेरैजसो केन्द्रीय कर्मचारीतन्त्रमा बसेर, वास्तवमा, नेपालको कर्मचारीतन्त्रले अझै पनि कानुनी-तर्कसंगत अधिकारको प्रणालीद्वारा विशेषता अधिकतम वेबेरियन मापदण्डमा आफूलाई छाँटकाँट गर्छ ।**



✍शंकरमान श्रेष्ठ



### कर्मचारीतन्त्रका फाइदा

नेपालको कर्मचारीतन्त्र नेपाल सरकारको सेवामा रहेकाले पार्टीगत स्वार्थभन्दा माथि उठ्नुपर्छ । कर्मचारीतन्त्रले मन्त्रीबाट आदेश लिन्छ र संविधानको सीमाभित्र रहेर काम गर्छ । निजामती कर्मचारी पनि प्रशासनिक विज्ञ भएकाले मन्त्रीलाई कुनै विशेष कार्यको नतिजा, असर, सम्भाव्यता वा अन्यथा स्मरण गराउँछन् । तसर्थ, शीर्ष निजामती कर्मचारीको आफ्नो मन्त्रीप्रति दुईवटा कर्तव्य छन्ः उसले मन्त्रीलाई कुनै विशेष कार्यविधि संवैधानिक रूपमा अनुमति दिएको छ वा छैन भनेर सम्झाउनुपर्छ र कुनै विशेष कार्यप्रणाली व्यावहारिक रूपमा सम्भव छ वा छैन ?

मन्त्रीका लागि उच्च निजामती कर्मचारी, सचिव वा सहसचिव दुवै पक्षको सल्लाह धेरै मूल्यवान् छ । निजामती सेवाले सरकारमा स्थायी तत्व प्रदान गर्छ । सामान्यतया निजामती कर्मचारीको भाग्य राजनीतिक उतार चढावमा भर पर्दैन, उनीहरूले राजनीतिक घटनाक्रमप्रति उदासीन दृष्टिकोण राख्न सक्छन् ।

तत्काल राजनीतिक विचारले रंगीन नभई राष्ट्रिय हितप्रतिको उनीहरूको दीर्घकालीन दृष्टिकोणले मन्त्रीलाई राष्ट्रको दीर्घकालीन हितको झल्का दिनुपर्छ । नेपालमा निजामती कर्मचारीले अन्य पेसाका मानिसले सजिलै प्राप्त गर्न नसक्ने सामाजिक सम्मानको उपभोग गर्छन् । फलस्वरूप अधिकांश अवस्थामा निजामती कर्मचारी इमानदार र कर्तव्यनिष्ठ हुनुपर्छ । निजामती कर्मचारी पनि प्रशासनिक विज्ञ हुन् । त्यसैले मन्त्रीहरू उनीहरूमा भर पर्नुपरेको छ । कर्मचारीतन्त्रलाई अनुभवबाट थाहा हुन्छ कि नीति के हो वा होइन । त्यसैले मन्त्रीले प्रशासनिक दृष्टिकोणबाट नीतिको वाञ्छनीयताका लागि शीर्ष निजामती कर्मचारीको सल्लाह सुन्छ ।

स्वस्थ अवस्थामा मन्त्री र कर्मचारीतन्त्र एकअर्काका परिपूरक हुन्– मन्त्रीले नीतिगत निर्णयमा योगदान दिने र निर्णय कार्यान्वयन गर्ने कर्मचारीतन्त्र । नेपालमा कर्मचारीतन्त्रले मन्त्रीको जिम्मेवारी बोकेर काम गर्छ । सरकारको हरेक कामका लागि मन्त्री संसद्प्रति उत्तरदायी हुन्छ । कर्मचारीतन्त्रले सरकारी नीति कार्यान्वयन गर्ने भए तापनि तिनीहरू उत्कृष्ट गुमनाममा रहन्छन् । न संसदीय बहसमा भाग लिन्छन्, न त राजनीतिक दलका सदस्य हुन् । निजामती कर्मचारीको कामको प्रतिरक्षा मन्त्रीले सदनमा गर्नुपर्छ । यो प्रणालीले मन्त्रीलाई कर्मचारीतन्त्रको काम-कारबाही र कर्मचारीतन्त्रले मन्त्रीलाई अप्ठ्यारोमा नपर्ने गरी व्यवहार गर्न बाध्य पार्छ ।

### कर्मचारीतन्त्रका कमजोरी

नेपालको कर्मचारीतन्त्र आलोचनाभन्दा माथि छैन । पहिलो, कर्मचारीतन्त्रसँग कुनै राजनीतिक जिम्मेवारी नहुने भएकाले जनताका मागप्रति तिनीहरू असंवेदनशील हुन्छन् । सरकार निष्क्रिय र फाइलमा बाँधिएको हुन्छ । दोस्रो, निजामती कर्मचारीमाथि मन्त्रीहरूको निर्भरताले एक प्रकारको 'नोकरशाहीको अधिनायकत्व' विकास गर्छ । तेस्रो, कर्मचारीतन्त्रले समूहको हित सुरक्षित गर्ने उद्देश्यले निकै शक्तिशाली दबाब समूह बनाउँछ । यसले कहिलेकाहीँ राष्ट्रिय हितविपरीत काम गर्छ । चौथो, कर्मचारीले मन्त्रीहरूको आदेश कार्यान्वयन गर्ने भएकाले कहिलेकाहीँ कर्मचारीतन्त्रको रचनात्मकता हराउँछ । पाँचौं, नोकरशाहहरू प्रायः असक्षम हुन्छन् र राज्यका नीतिहरूमा सकारात्मक परिवर्तनको प्रतिरोध पनि गर्छन् । छैटौं, हाम्रो कर्मचारी ढाँचालाई प्रायः नियम र नियमहरूको अत्यधिक पालनाका लागि आलोचना गरिएको छ, जसले निर्णय प्रक्रियामा ढिलाइ निम्त्याउँछ । अन्त्यमा, कर्मचारीविरुद्ध सुशासन नभएको आरोप व्याप्त छ । यद्यपि यी सबै कमजोरीसहित कर्मचारीतन्त्र एक संस्था हो, जुनबिना लोकतान्त्रिक सरकार काम गर्न सक्दैन । कर्मचारीतन्त्र सुधार हुन सक्छ तर हटाउन सकिँदैन ।

निजामती सेवाका सुधार प्रयासले यसको भूमिका र कार्य, यसको संगठनात्मक संरचना र कार्यविधि, यसको मानव संसाधन प्रणाली र शासनलाई सम्बोधन गरेको छ । तर, धेरै प्रयासका बाबजुद पनि निजामती सेवामा धेरै कमजोरी छन् । यी हुन्: निजामती कर्मचारीको उत्प्रेरणाको तल्लो तह; प्रशासनिक संयन्त्रका कारण सरकारी कामको सम्पूर्ण दायराले मानव जीवनलाई असर गर्छ भन्ने धारणाको कारण; सरकारी निकाय र यसका कर्मचारीको संख्यामा अनावश्यक विस्तार तथा निर्णय प्रक्रियामा बहुतह तथा व्यक्तिगत अधिकारीलाई जवाफदेही बनाउने कमजोर संयन्त्र । नयाँ प्रविधिलाई प्रभावकारी रूपमा अँगाल्न नसक्नु; नागरिकप्रति उत्तरदायित्वको अभाव र क्षेत्रीय कार्यालयमुनिका अधिकारीलाई आवश्यक पर्ने शक्तिको विकेन्द्रीकरणको अभाव पनि समस्या भएको देखिन्छ ।

महत्वपूर्ण संरचनात्मक, व्यवस्थापकीय र व्यावहारिक चुनौतीहरू सम्बोधन गर्न बाँकी छ, तर संघीयताले जनताको नजिक ल्याउँछ र जनतालाई डेलिभर गर्न तथा सशक्तीकरण गर्न मद्दत गर्छ जस्ता केही सकारात्मक पाठ सिकेका छन् । स्थानीय शासनको सुदृढीकरणले धेरै सकारात्मक परिवर्तन ल्याएको छ; स्थानीय भर्तीले स्थानीय स्तरमा कर्मचारीलाई कायम राख्न र स्वामित्वको भावना सुधार गर्न मद्दत गर्छ; धेरै स्थानीय तहका एजेन्सीहरूले अधिक सशक्त महसुस गर्छन् र स्थानान्तरणको अधिकार प्रतिबन्धले मानिसलाई विकेन्द्रीकृत साइटहरूबाट जोगाउन मद्दत गरेको छ ।

जहाँसम्म नकारात्मक पक्षको सवाल छ, निजामती कर्मचारी सुविधाजनक स्थान र केन्द्रहरूमा काम गर्न रुचाउँछन्; केन्द्रमा निजामती कर्मचारी बस्ने भएकाले स्थानीय तहमा सेवा दिन झनै कठिन छ । काठमाडौँमा जागिर खाने, घर बनाउने र बालबच्चा पढाउने मूल उद्देश्य जागिरेको छ । पहिलेजस्तो सरुवा खास गरी जिल्ला र प्रदेशतिर हुने क्रम केही भएको छ तापनि अपेक्षित मात्रामा हुन सकेको छैन ।

स्थानीय तहका कर्मचारी जिल्ला सदरमुकाममा मात्रै रहेकाले यस क्षेत्रको सेवा प्रवाह र अन्य विकासका पहलहरूमा गम्भीर असर परेको छ । संघीयताको गति सुस्त छ, प्रशासनिक संस्कृति कार्यसम्पादन उन्मुख छैन; प्रोत्साहन सीमित छन् र पूर्ण रूपमा कार्यसम्पादनमा एकीकृत छैनन् र जवाफदेहिता धेरै टाढा छ । यता केही समयदेखि विजयी हुने राजनीतिक दलका मान्छेहरू सरकारी पदमा नियुक्ति हुने, शासक हटेपछि कर्मचारी पनि हट्ने र नयाँ आउने सिस्टम नै स्पोइल्स सिस्टम (पेट्रोनेज) वा लुटतन्त्र हो ।

सत्ताधारीहरू विभिन्न रूपमा स्पोइल्स सिस्टम अवलम्बन गर्न उद्यत हुन्छन् । सरकारी काम गर्नका लागि सरकारी सेवामा करारमा कर्मचारी राख्ने नेपाल सरकारको उद्देश्य स्पोइल्स सिस्टमको पुनरुत्थान प्रयास हो । स्पोइल्स सिस्टमको पुनरुत्थानले प्रतिबद्ध प्रशासनको विकास हुनेछ । यसले सरकार र राजनीतिक दललाई सबल बनाउनेछ । सबै प्रकारका मनोवृत्ति भएका व्यक्तिहरू रोजगारीको सुरक्षाका लागि सरकारी संयन्त्रमा सामेल हुन्छन् र यी कर्मचारीले आलस्यलाई खासै वास्ता गर्दैनन् भन्नु अतिरञ्जन हुनेछैन । सरकारमा कार्यरत मेहनती र इमानदार व्यक्तिहरू पनि कामप्रति निराश देखिन्छन् ।

### अस्वीकृति र स्थिरता

निजी क्षेत्रमा समयसँग केही राम्रो बन्ने चाहना हुन्छ । दुवै ठाउँमा अपवाद छन् तर सरकारमा रहेर ३० वर्षसम्म स्थिर रहन सकिन्छ । धेरै मानिस स्थिर छन् । फाइल छिटो सार्न र निर्णय गर्न कुनै प्रोत्साहन हुँदैन । यदि तपाईंले कडा परिश्रम गर्नुभयो र छिटो निर्णय गर्नुभयो भने केही गलत हुन सक्छ । यदि त्यसो हो भने तपाईंको जीवन खतरामा छ । तर यदि तपाईंलाई बोर भयो र निर्णय स्थगित गर्नुभयो भने केही हुँदैन । 'कुनै निर्णय नगर्नु' राम्रो निर्णय हो भन्ने अभिप्रायले के काम हुन्छ ?

यो विशेष गरी वरिष्ठ अधिकारीहरूका लागि सत्य हो । ढिलो निर्णय गरेकोमा कसैले कति पटक अपमान गरेको छ ? हाम्रो रेकर्ड हेर्नुहोस् । केही वर्ष लाग्छ । केवल लामो समय पर्खनुहोस्, यदि कसैले छिटो हुन खोज्छ र वस्तुहरू छिटो धकेल्छ, बाहिरका अधिकारीहरूले तपाईंको ढोका ढकढक गर्नेछन् । हामी इमानदार कर्मचारीका बारेमा कुरा गर्दै छौं, बदमास होइन । त्यहाँ वैध गल्ती, जुन नियतवश नगरी प्रक्रियागत त्रुटि (वास्तविक वा कथित) विरुद्ध कुनै सुरक्षा छैन । अधिकारीहरूलाई सावधानी अपनाउन र निर्णय लिन प्रोत्साहित गरिनुपर्छ, जबसम्म तिनीहरूको खराब निर्णय गर्ने वा नियमको बेवास्ता गर्ने नराम्रो मनसाय छ । जोखिम कम गर्न र फैलिएको सामूहिक जिम्मेवारी सिर्जना गर्न तिनीहरू समिति गठन गर्छन् । सरकारी व्यवस्था आशंकामा बनेको हो, विश्वासमा होइन । यस्तो प्रणाली सधैं ढिलो हुने प्राकृतिक प्रक्रिया हो भन्नुमा कुनै अतिरञ्जन छैन । हामी उदाहरण दिन चाहन्छौं ।

### ट्रेड युनियन

कर्मचारीसँग ठूलो सामूहिक शक्ति हुन्छ र केही सरकारले उनीहरूलाई अनुशासित गर्ने साहस गर्छन् । नेपाल संघीय राजनीतिक प्रणालीमा परिणत भइसकेको अवस्थामा पनि कर्मचारीतन्त्रले संगठन र जवाफदेहिताको एकीकृत प्रणाली अवलम्बन गरेको भ्रम रहेको देखिन्छ ।

संघीयताको सिद्धान्तविपरीत केन्द्रीय सरकारले सबै तहका सरकारका लागि निजामती कर्मचारी भर्ना गर्छ । केन्द्रीय सरकारले अनुशासित रहन कडा व्यवस्था परिकल्पना गरिराखेको हुन्छ र सबै तहमा कर्मचारीतन्त्रलाई नियन्त्रणमा राख्छ । प्रचलनका बेला केन्द्रीकृत कर्मचारीतन्त्रलाई स्वीकार गरी देश एकात्मक राज्य प्रणालीमा चलेको भए पनि राज्यले संघीय राजनीति अँगालेकाले यो स्वीकार्य र व्यावहारिक छ ।

राज्य र स्थानीय सरकार दुवैसँग अधिकार र स्वायत्तता हुनुपर्छ र सरकारी कर्मचारीले आफ्नो जिम्मेवारीको क्षेत्रमा काम गर्ने सर्त हुनुपर्छ । निजामती कर्मचारी आफ्नो प्रशासनिक नियन्त्रण कायम राख्ने र उनीहरूको हितको रक्षा गर्ने केन्द्रीय निकायको दायित्वको पक्षमा देखिन्छन् । तर, निर्वाचित जनप्रतिनिधिको अधिकारको मूल्यमा सरकारी कर्मचारीको समग्र वर्चस्व कायम राख्नु संघीयताको भावना र राज्यको प्रशासनिक पुनर्संरचनाको हनन हो ।

कर्मचारीतन्त्रको उत्तरदायित्व र उत्तरदायित्व अन्ततः केन्द्र सरकारमा नै रहनेछ । शीर्ष लोड संरचना, पुनर्संरचनाबिना राखिएको छ । धेरैजसो केन्द्रीय कर्मचारीतन्त्रमा बसेर, वास्तवमा, नेपालको कर्मचारीतन्त्रले अझै पनि कानुनी-तर्कसंगत अधिकारको प्रणालीद्वारा विशेषता अधिकतम वेबेरियन मापदण्डमा आफूलाई छाँटकाँट गर्छ ।

कानुनी-तार्किक अधिकार प्रणालीमा परिभाषित योग्यता र उपलब्धि, व्यक्तिगत सञ्चालन, निजी कोषबाट सार्वजनिक कोषको विविधीकरणजस्ता आधारभूत कुरा समावेश छन् । यसको विपरीत नेपाली कर्मचारीतन्त्र कम्तीमा नातावाद र पक्षपात, आधिकारिक भ्रष्टाचार आदिमा आधारित नरहेको पुष्टि गर्न सक्नुपर्ने टड्कारो आवश्यकता रहेको छ । दलीय राजनीतिमा कर्मचारीतन्त्र देखिन्छ र कट्टरपन्थी आधारमा टुक्रिएको छ । निजामती कर्मचारीतन्त्रले राष्ट्रिय राजस्वको ठूलो हिस्सा उपभोग गर्छ । तर, सोचेअनुरूप काम गर्न सकेको छ-छैन भन्ने समय-समयमा पुनरावलोकन भएकै होला । यो अक्सर देखिन्छ कि कर्मचारीले तटस्थता र गैरपक्षीय मूल्यहरूको उल्लंघनमा दलीय राजनीतिलाई औंल्याउनु हुँदैन । कर्मचारीतन्त्रलाई परिणाममुखी बनाइएन भने प्रदेश र स्थानीय तहको संरचनागत र कार्यपालिकाको व्यवस्थाले आम जनतालाई कुनै अर्थ राख्दैन ।

*(स्रोत: कारोबारदैनिक)*

# प्रणामी युवा परिषद्को साताव्यापी कार्यक्रम सम्पन्न

समाज संवाददाता

हेटौँडाः श्री कृष्ण प्रणामी युवा परिषद् नेपाल हेटौँडा उपमहानगरपालिका-६, गौरीटारको साताव्यापी कार्यक्रम सम्पन्न भएको छ । युवा परिषद्ले कृष्ण जन्माष्टमीको अवसरमा भदौ ४ गते मंगलबारदेखि १० गते सोमबारसम्म विविध कार्यक्रमको आयोजना गर्दै साताव्यापीरुपमा कृष्ण प्राकट्य उत्सव २०८१ मनाएको हो ।

परिषद्ले पहिलो दिन गत मंगलबार हेटौंडा-१५, रातोमाटेस्थित दिव्यसेवा निकेतन आश्रममा खाद्यान्न वितरण गरेको परिषद्का अध्यक्ष प्रदीप बास्तोलाले जानकारी दिनुभयो । दोस्रो दिन बुधबार परिषद्ले विभिन्न ब्यानर टाँसेर मुलमिलावा धामको प्रचार गरेको थियो । तेस्रो दिन बिहिबार हेटौँडा-६, गौरीटार स्थित प्रणामीचोकमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा २९ जनाले रक्तदान गरेका थिए । हेटौँडा-६, गौरीटारस्थित प्रणामीचोकमा भएको कार्यक्रममा ३ जना महिला र २६ जना पुरुषले रक्तदान गरेका थिए ।

यस्तै, चौथो दिन शुक्रबार मुलमिलावा धाममा अन्तरविद्यालय वक्तृत्वकला प्रतियोगिताको आयोजना गरिएको थियो । प्रतियोगितामा बालजागृति इङ्गलिस सेकेण्डरी स्कूलकी देविना सञ्जेल प्रथम हुनुभएको थियो । प्रतियोगितामा सहभागी १४ जना प्रतियोगीमध्ये हेटौंडा-७ स्थित तासिर इङ्गलिस सेकेण्डरी बोर्डिङकी सिमोन भट्टराई द्वितीय हुनुभएको थियो भने हेटौंडा-५ स्थित ज्ञानदीप शिक्षा (जीएस) निकेतन माध्यमिक विद्यालयकी युना महत तृतीय हुनुभएको थियो ।

परिषद्ले छैठौं दिन शनिबार गौरीटार मुलमिलावा धाममा स्वास्थ्य शिविर र स्लो बाइक रेसको आयोजना गरेको थियो । हेटौंडा उपमहानगरपालिका-६ गौरीटार स्थित मुलमिलावा धाममा भएको निःशुल्क स्वास्थ्य शिविरमा ७५ जनाको स्वास्थ्य जाँच गरिएको थियो । स्वास्थ्य शिविरमा सेवाग्राहीहरुको सामान्य जाँच गरिएको थियो । शिविरमा उच्च रक्तचाप, मधुमेह, पिसाब जाँच, मुटु सम्बन्धी, रक्तजाँच लगायतको जाँच गरिएको थियो । परिषद्ले शिविरमा निःशुल्क औषधी पनि वितरण गरेको बास्तोलाले बताउनुभयो ।

शनिबार नै हेटौँडा-६ को प्रणामी चोकमा भएको स्लो बाइक रेसमा मिलन पाखिन प्रथम हुनु भएको थियो । स्लो बाइक रेस एक सय मिटरको दुरीमा भएको थियो । प्रतियोगितामा एलिस तिमल्सिना दोस्रो र सुस्मिता चौलागाई तेस्रो हुनु भएको छ । आईतबार परिषद्ले मन्दिर सरसफाई कार्यक्रमको आयोजना गरेको थियो । अन्तिम दिन सोमबार परिषद्ले भव्य रुपले जन्माष्टमी मनाएको छ । परिषद्ले सोमबार बिहान हेटौंडा-६ को गौरीटार प्राणनाथ पार्कमा एक सय १७ वटा विरुवा रोपण गरेको थियो । युवा परिषद्ले वातावरण संरक्षणमा धार्मिक संघ संस्थाको भूमिका भन्ने मूल नाराका साथ वृक्षरोपण कार्यक्रमको आयोजना गरेको थियो ।

बास्तोलाका अनुसार पार्कमा बेल, धुपी, अशोक, तेजपत्ता र श्रीखण्ड गरी ५ प्रजातिका विरुवा रोपिएको छ । यस्तै परिषद्ले मुलमिलावा धाममा १५ हजार बराबरको माइक ड्यास हस्तान्तरण गरेको बास्तोलाले बताउनुभयो । परिषद्ले सोमबार मट्का फुटाई तथा नाचगानको कार्यक्रम आयोजना गर्दै साताव्यापी कार्यक्रम सम्मपन्न गरेको छ ।

# स्काउट पेट्रोल लिडर तालिम सम्पन्न



स्काउट तालिममा सहभागीहरु ।

समाज संवाददाता

हेटौँडाः नेपाल स्काउटको हेटौंडा उपमहानगर समितिको आयोजनामा ३ दिने प्रथम हेटौँडा उपमहानगरपालिकास्तरीय स्काउट पेट्रोल लिडर तालिम सम्पन्न भएको छ । हेटौँडा भित्र स्काउट संचालन भएको तालिममा १३ वटा ट्रुपबाट छात्र छात्रा गरी एक सय २० जना सिनियर स्काउटहरु सहभागी थिए ।

नेपाल स्काउटको युवा कार्यक्रम अन्तर्गत विद्यालय तहमा स्काउट इकाइ गठन भएको स्काउट ट्रुपका दल नायक तथा टोली नायकहरु तालिममा सहभागी भएका थिए । स्काउट संचालन भएका विद्यालयहरुमा एकरुपतामा स्काउट कार्यक्रम सञ्चालन गर्न र नेपाल स्काउटको परिमार्जित विभिन्न विषयहरुमा जानकारी गराई नेतृत्व विकास गर्नका लागि तालिम सञ्चालन भएको थियो । तीन दिनसम्म सञ्चालन भएको पेट्रोल लिडर तालिममा नेतृत्व विकास, दल तथा टोली नायक परिषद् प्रणाली, विपद्मा डोरीको प्रयोग र अभ्यास, बालअधिकार, समुह परिचालन र कार्यक्रम निर्माण, प्राथमिक उपचार, स्काउटका विभिन्न झण्डाको प्रकार र यसको प्रयोग, ब्याच तथा विभिन्न जिवनोपयोगी सीपहरु सिकाइएको छ ।

प्रतियोगात्मक रुपमा विपद्को समयमा बिना भाँडा खाना बनाउने, जंगल पदयात्रा तथा सर्वधर्म सभा कार्यक्रम समेत आयोजना गरिएको थियो । शुक्रबार औपचारिक उद्घाटन भएको कार्यक्रम नेपाल स्काउट हेटौँडा उपमहानगर समितिका प्रमुख आयुक्त अनिल आचार्यको सभाध्यक्षता तथा हेटौँडा उपमहानगरपालिका वडा नम्बर १५ का अध्यक्ष सुनिल मोक्तानको प्रमुख आतिथ्यमा समापन कार्यक्रम भएको छ । समापन कार्यक्रममा प्रथम पेट्रोल लिडर तालिमको कोर्ष लिडर अशोक सारु मगर र लक्ष्मी थापा, नेपाल स्काउट थाहा नगरपालिकाका प्रमुख आयुक्त गणेशमान श्रेष्ठ, बागमती गाउँपालिकाका प्रमुख आयुक्त राजकुमार राई, राष्ट्रिय परिषद्का सदस्य सुरेन्द्र का रन्जित लगायतका अतिथिहरु रहनु भएको थियो । तालिममा शिवकुमाार त्वयना, अशोक सारु मगर, लक्ष्मी थापा, सुशीलराज गिरी, सौजन डिसी, अनिल आचार्य, इन्द्रमणि दाहाल, दीक्षा दाहाल लगायतले प्रशिक्षण दिनुभएको थियो ।

# वितक कथा प्रवचन सम्पन्न

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, स्थित श्री कृष्ण प्रणामी मन्दिर सेवा समितिले आयोजना गरेको एक महिने श्रीमद् वितक कथा कृष्ण प्राकट्य महोत्सव सम्पन्न भएको छ । श्रावण महिनाको वितक कथा प्रारम्भमा आयोजना गरेको एक महिने वितक कथा तथा प्राकट्य महोत्सव सोमबार कृष्ण जन्माष्टमीको अवसरमा सम्पन्न भएको हो । पण्डित नवीन कृष्ण ढुंगेलले वितक कथा वाचन गर्नुभएको थियो ।

प्रणामी मन्दिर सेवा समितिले कृष्ण जन्माष्टमीको अवसरमा र्‍यालीको समेत आयोजना गरेको थियो । प्रमाणी मन्दिर परिसरबाट सुरु भएको र्‍याली हेटौँडाको शितलमहलचोक, स्कूलरोड, बुद्धचोक, संगमचोक, कान्तिराजपथ हुँदै पुनः मन्दिरको परिसरमा आएर र्‍यालीलाई समापन गरेको अध्यक्ष सुदर्शनप्रसाद वाग्लेले जानकारी दिनुभएको छ । र्‍यालीको शोभायात्रामा समितिका पदाधिकारीहरु र स्थानीय भक्तजनहरुको सहभागिता रहेको थियो ।

# कैलाशमा शिक्षा योजना निर्माण गर्न सुझाव संकलन गरिँदै

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको कैलाश गाउँपालिकामा बुधबार गाउँ शिक्षा योजना निर्माण सम्बन्धी सुझाव संकलन तथा अन्तरक्रिया कार्यक्रम हुँदैछ । सुझाव संकलन कार्यक्रममा पालिकाका वडा अध्यक्ष र माध्यमिक विद्यालयका प्रधानध्यापकहरुको सहभागिता रहने छ ।

शिक्षा शाखाले गत बिहिबार एक सूचना जारी गर्दै पालिकाका मावि तहका विद्यालयका प्रधानाध्यापक, वडा अध्यक्ष लगायतलाई उपस्थितिका लागि अनुरोध गरेको थियो । सुझाव संकलन तथा अन्तरक्रिया कार्यक्रममा दातृ निकायको प्रारम्भिक कक्षा सिकाईको प्राविधिक सहयोग हुने पालिका शिक्षा शाखा प्रमुख दिपेन्द्र अधिकारीले जानकारी दिनुभएको छ ।

पालिकाले शिक्षालाई पहिलो प्राथमिकतामा राखेर छलफल गर्ने शिक्षा शाखा प्रमुख अधिकारीले बताउनुभयो । पालिकाको शैक्षिक क्षेत्र सुधार गर्ने उद्देश्यले विभिन्न संघसंस्था, माविका प्रधानाध्यापकहरुलाई सुझाव संकलण गर्न बोलाएको र कार्यक्रमको आयोजना गरेको उहाँले बताउनुभयो । बुधबार हुने अन्तरक्रियामा पालिकाले पालिकाका १० वटा वडाका अध्यक्ष, ६ वटा माध्यमिक विद्यालयका प्रधानाध्यापक र शिक्षा सम्बन्धी काम गर्ने ३ वटा संघ संस्थालाई बोलाएको छ । पालिकाले पहिलो चरणमा प्रधानाध्यापकसँग छलफल गर्ने र दोस्रो चरणमा विद्यार्थीसँग अन्तरक्रिया गर्ने अधिकारीले बताउनुभयो । गाउँपालिकामा ६ वटा मावि, ४ वटा निमावि र ३८ वटा प्राथमिक विद्यालय रहेको अधिकारीले बताउनुभयो । पालिकामा ६ हजार ५ सयको हारहारीमा विद्यार्थी रहेको उहाँले बताउनुभयो ।

## आँबुखैरेनी बस दुर्घटना

# उपचाररत १६ मध्ये सात जना डिस्चार्ज

काठमाडौँः तनहुँको आँबुखैरेनीस्थित मर्स्याङ्दी नदीमा शुक्रबार बिहान भएको बस दुर्घटनामा घाइते भई काठमाडौं महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा उपचाररत १६ जनामध्ये सात जनालाई सोमबार डिस्चार्ज गरिएको छ । पोखराबाट काठमाडौंतर्फ जाँदै गरेको भारतीय पर्यटक सवार युपी ५३ एफटी ७६२३ नम्बरको बस आँबुखैरेनीको ऐना पहरामा दुर्घटनामा परेको थियो ।

अस्पतालका डा. रोहित सिंहले भने, 'बस दुर्घटनामा घाइते भएका १६ जनालाई उपचारका लागि अस्पतालमा ल्याइएकामा आज (सोमबार) सात जनालाई डिस्चार्ज गरेका छौं, बाँकी नौ जनाको अस्पतालमै उपचार भइरहेको छ, सबैको अवस्था सुधारोउन्मुख छ ।' उनले भने, 'घाइतेहरु अधिकांशको हात, खुट्टा, निधार, टाउको, छाती, ढाडलगायतका ठाउँमा गहिरो चोट लागेको छ, उहाँहरुको अवस्था सुधारोन्मुख छ ।' उपचार गराइरहेका ५९ वर्षीय अनन्त इङ्णेले आफूहरुको स्वास्थ्य अवस्थामा सुधार आइरहेको बताए । 'हामीले राम्रो उपचार पाएका छौं, समयमै राम्रो उपचारका कारण हाम्रो ज्यान बच्यो, सबैलाई धन्यबाद छ ।'

दुर्घटनामा २७ जना भारतीय पर्यटकहरुले ज्यान गुमाएका थिए । मृत्यु भएकाहरुको शव परीक्षण गरी भारतीय वायु सेनाको जहाजमार्फत भारत लगिएको छ । घाइतेलाई नेपाली सेनाको हेलिकप्टर मार्फत उपचारका लागि काठमाडौं ल्याइएको थियो । भारतीय पर्यटकहरु यही भदौ ४ गते पशुपतिनाथको दर्शनका लागि काठमाडौं आउँदै गर्दा दुर्घटनामा परेको जनाइएको छ । *स्रोतः इकान्तिपुर ।*

# चाइनिज तास प्रहरीको नियन्त्रणमा

समाज संवाददाता

हेटौँडाः बारा जिल्ला प्रहरीले ३ लाख रुपैयाँ बराबरको चाइनिज तास बरामद गरेको छ । आइतबार दिउँसो १ बजेको समयमा बारा प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा करिब २ लाख ७२ रुपैयाँ बराबरको १ सय ९५ कार्टुन चाइनिज तास बरामद गरेको हो । बारा जिल्लाको कलैया उपमहानगरपालिका-१४ मा वीरगञ्जबाट वरियापूरतर्फ जाँदै गरेको ना ५ च १८०१ नम्बरको पिकअप गाडीलाई रोकी सुरक्षाजाँच गर्दा बिल-बिजक नमिलेको तास बरामद गरेको बारा प्रहरीले जनाएको छ । गाडिसहित सवारी चालकलाई नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि आन्तरिक राजश्व कार्यालय, पथलैया पठाइएको प्रहरीले जानकारी दिएको छ ।

लाम्पनटार बहुमुखी क्याम्पस
तीनपाटन गाउँपालिका, लाम्पनटार, सिन्धुली
बोलपत्र आव्हानको सूचना
(प्रकाशित मितिः २०८१/०५/११)
यस क्याम्पसको बोलपत्र सम्बन्धी सूचना IFB No. LMC/W/NCB/01/2081/082, http://bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहुन तथा सम्बन्धित वेभसाइट (http://bolpatra.gov.np/egp) लगइन गर्नुहुन अनुरोध छ ।
क्याम्पस प्रमुख

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

हाम्रो सुमो सेवाको

नयाँ प्रस्तुती...
छिट्टै सञ्चालनमा आउँदै ।
Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा


२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।
हेटौँडा-काठमाडौं-हेटौँडा
हेटौँडा-बीरगन्ज-हेटौँडा
साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।
भेष खड्गी, सञ्चालक
हाम्रो सुवो सेवा
हेटौँडा-४, मेनरोड (बलराम द्वास एण्ड सन्स पेट्रोल पम्प नजिकै)
९८४५४-५७५०७, ९८५५०६८८७३
सम्पर्क
हेटौँडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)
ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)
मुख्य कार्यालय हेटौँडा
०५७-५९१०४०

# "जिल्ला लिग फुटबल प्रतियोगितालाई हामी निरन्तरता दिनेछौं"

**अखिल नेपाल फुटबल संघ (एन्फा) अन्तर्गतको मकवानपुर जिल्ला फुटबल संघले झण्डै ५ वर्षपछि जिल्ला लिगको आयोजना गर्दैछ । जिल्ला लिग फुटबल भदौ ७ गतेदेखि आयोजना गर्ने पूर्वतयारी रहे पनि मकवानपुर जिल्ला फुटबल संघले लिग फुटबल भदौ १४ गतेदेखि सुरु गर्ने जनाएको छ । पूर्वनिर्धारित समयभन्दा एक साता ढिलो भएको सन्दर्भ, ५ वर्षपछि हुँदै गरेको लिग र आगामी दिनमा पनि यसको नियमितताको सन्दर्भलाई लिएर एन्फा केन्द्रीय समिति सदस्य एवम् मकवानपुर जिल्ला अध्यक्ष टिकाराम लामासँग समृद्ध समाजकर्मी शान्त सापकोटाले गर्नुभएको कुराकानीको सम्पादित अंश:**



**टिकाराम लामा**
**अध्यक्ष, मकवानपुर जिल्ला फुटबल संघ**

**समाज: मकवानपुर जिल्ला लिग सुरू हुँदैछ, लिगको तयारी के हुँदैछ ?**
**लामा:** जिल्ला लिगको तयारी लगभग हाम्रो अन्तिम चरणमा आइपुगेको छ । जिल्ला फुटबल संघको कार्यसमिति बैठकबाट प्रतिकूल मौसमको कारणले खेललाई भदौ १४ गते गर्ने निर्णय गरेका छौं । खेल हेटौंडा-११, थानाभन्याङस्थित सिमलटार खेलमैदानमा हुनेछ ।

**समाज: जिल्ला लिग निर्धारित समयभन्दा एकसाता पछि सर्‍यो, लिगमा सहभागी क्लबहरूले असन्तृष्टी जनाएका छन् । यसमा तपाईं के भन्न चाहनुहुन्छ ?**
**लामा:** क्लबका पदाधिकारीहरुले गुनासो गर्नु स्वभाविक नै हो । प्रतिकूल मौसमलाई मध्यनजर गरेर लिगको मिति एक साता पछाडि सारेका हौं । लिगको मिति सरेको कारणले खेलाडीहरुमा पर्न गएको असरलाई मूल्यांकन गरेर म जिल्ला फुटबल संघको तर्फबाट माफी माग्न चाहन्छु ।

**समाज: लिगमा सहभागी हुने क्लबहरूलाई एन्फाबाट के सहयोग छ ?**
**लामा:** एन्फाले हामीलाई जिल्ला लिगका लागि जम्मा ७ लाख रुपैयाँ मात्र दिन्छ । हामीले पहिले टिमदर्ता शुल्क २ हजार लिने र बल दिने गरेका थियौं । अहिले चैं सामान्य क्लबहरुले आर्थिक खर्च गर्न पनि सक्षम भएको छ । विभिन्न निकायहरुबाट सहयोग पनि प्राप्त हुन्छ । एन्फाले खेलाउने लिग जस्तो होइन प्रशिक्षणका लागि ३० देखि ३२ लाख रुपैयाँ दिने होइन समान्य एउटा खर्च दिएको हुन्छ । हाम्रो खर्चको अनुमान लगभग १५ लाख रुपैयाँको छ । उहाँहरुलाई हामीले एउटा टुर्नामेन्ट खेलाउने काम गर्ने हो ।

**समाज: एन्फाले लिग-कम-नकआउटको आधारमा खेलाउने तयारी गरिरहेको छ । किन लिगको आधारमा नगरेर लिग-कम-नकआउटको आधारमा सञ्चालन गर्न लागेको ?**
**लामा:** एन्फा २ किसिमको छ । लिगमा ए डिभिजन बी र सी डिभिजनको सहभागीको कुरा हो । देशको संरचना हेर्दा त्यो अवस्था छैन । २८ वटा क्लबहरुको सहभागितामा प्रतियोगिता सञ्चालन हुँदैछ । जसअन्तर्गत धेरै बजेट खर्च हुने भयो । रेफ्रि व्यवस्थापनमै अत्यधिक बजेट खर्च हुने भयो । धेरै किसिमले हेर्दा क्लबको अवस्था नै नाजुक हुने देखिन्छ । एन्फाबाट दुई वटा संरचनाको निर्माण भएको छ । त्यही कारणले पनि लिग-कम-नकआउटमा आधारित भएर प्रतियोगिता आयोजना गर्न लागेको हो । यसलाई अझै सुधार गरेर हामी कार्यसमितिको बैठकले ए, बी, सी र डी डिभिजन छुट्याइएको छ । वार्षिक तालिका अनुसार छुट्टा छुट्टै तरिकाले प्रतियोगिताको आयोजना लागेका छौं ।

**समाज: लिग प्रतियोगिता वर्षेनी गर्नुपर्ने हो । करिब ५ वर्षको अन्तरालमा प्रतियोगिताको आयोजना गरिँदै छ । यो प्रतियोगिताले अर्को वर्ष पनि निरन्तरता पाउँछ ?**
**लामा:** विगत करिब ४ वर्षको अन्तरालमा लिग नहुनुको कारण करिब २ वर्ष कोभिडले खायो । जसले गर्दा हामीले राष्ट्रिय सहितस्मृति अन्तर्राष्ट्रिय गोल्डकपको पनि आयोजना गर्न सकेनौं । यो भन्दा अगाडि २ वर्ष पहिला हामीले गर्ने प्रयास गरेका थियौं । त्यसपछि बीचमा कोराना आएको कारणले गर्दा फेरी लिग प्रतियोगिताको मिति सरेको हो । त्यसपछि त्यहाँबाट भएन । हामीले प्रणाली बनाइसकेका छौं । अब जिल्ला लिग फुटबल प्रतियोगितालाई हामी निरन्तरता दिनेछौं । अहिले चाहिँ ए र बी बाट क्वालिफाइबाट आउने टिम बनाउने हो की भन्ने सोचेका छौं । एउटै क्लबको ३ देखि ४ लाख रुपैयाँ खर्च हुन्छ । एउटा खेलाडीले सामान्यरुपमा खेल खेलेको ३ हजार रुपैयाँ भन्छ । जर्सी लगायत विभिन्न सामग्री खरिद गर्दा धेरै पैसा खर्च हुन्छ ।

## जिल्ला लिग फुटबल

# उद्घाटन खेलमा साविक विजेता न्यू डाँफे युथ र महावीर भिड्ने

समाज संवाददाता

हेटौंडा: मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा आउँदो शुक्रबारबाट जिल्ला लिग फुटबल प्रतियोगिता हुँदैछ । करिब ४ वर्षको अन्तरालमा हुन लागेको प्रतियोगिताको उद्घाटन खेलमा साविक विजेता न्यू डाँफे युथ क्लब र महावीर क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

हेटौंडा-११ स्थित सिमलटारको खेलमैदानमा सुरु हुने प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले गर्नुहुनेछ । जिल्ला फुटबल संघका पदाधिकारीहरुको उपस्थितिमा संघको कार्यालयमा सोमबार २८ वटा टिमहरुलाई प्रत्येक समूहमा ७ वटाको दरले ४ समूहमा विभाजन गरिएको संघका उपाध्यक्ष युवराज लामाले जानकारी दिनुभएको छ । अहिले उद्घाटन खेलमा प्रतिस्पर्धा गर्ने क्लबहरुमात्र टुंगो लागेको र प्रतियोगिताको खेल तालिका पूर्णरुपमा आज मंगलबार सार्वजानिक गरिने उपाध्यक्ष लामाले बताउनुभयो ।

संघका उपाध्यक्ष लामाका अनुसार करिब ४ वर्षको अन्तरालमा सञ्चालन हुन लागेको जिल्ला लिगको प्रत्येक समूहको वरियताक्रमको आधारमा क्लबलाई ए, बी र सी डिभिजनमा छुट्याइने छ । समूह चरणको खेल सम्पन्न भएपछि क्वार्टरफाइनल कि प्रिक्वार्टरफाइनल खेल सञ्चालन गर्ने कुराको टुंगो नलागेको उहाँको भनाइ छ । संघको कार्यसमिति बैठकले भदौ ७ गते फुटबल प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरे पनि समय अनुकूल नभएको भन्दै एक साता पछि सारेको उहाँले बताउनुभयो ।

कोरोनाको कारण सञ्चालन हुन नसकेको लिग प्रतियोगिता यस वर्षबाट सञ्चालन हुन लागेको अखिल नेपाल फुटबल संघ (एन्फा)का केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामाले बताउनुभएको छ । २ वर्ष पहिला लिग सञ्चालन गर्ने प्रयास गर्दा लिग स्थगित भएको बताउनुहुँदै अध्यक्ष लामाले त्यसपछि प्रतियोगिता आयोजना गर्न नसकेको जानकारी दिनुभयो । 'हामीले प्रणाली बनाइसकेका छौं', अध्यक्ष लामाले भन्नुभयो- 'अब जिल्ला लिग फुटबल प्रतियोगितालाई निरन्तरता दिनका लागि प्रयास गर्नेछौं ।'

जिल्ला लिग फुटबल प्रतियोगिताको उपाधि विजेता टिमले असोज महिनामा हुने बागमती प्रदेश लिग फुटबल प्रतियोगितामा सहभागी हुन पाउने उहाँले बताउनुभयो । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र र उपविजेता टिमले पचास हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिता आयोजनाका लागि करिब १२ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ ।

४ वर्षअघिको प्रतियोगितामा हेटौंडा-१७ स्थित हटिया स्पोर्टस् उपविजेता बनेको थियो ।

# खोलाले बगाउँदा ज्ञानबहादुरको मृत्यु

समाज संवाददाता

हेटौंडा: सिन्धुली जिल्लाको मरिण गाउँपालिका-७, दधिदमारमा खोलाले बगाउँदा एकजनाको मृत्यु भएको छ । दधिदमारका २८ वर्षीय ज्ञानबहादुर भोलन आइतबार दिउँसो २ बजेको समयमा बाखा चराउन जाने क्रममा चुनियाँ खोलाले बगाएर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

भोलन आइतबार साँझ ६ बजेर १५ मिनेटको समयमा मृत भेटिएका थिए । भोलनको शवलाई पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोट पठाइएको प्रहरीले जानकारी दिएको छ ।

# गोरेटोबाटोमा लडेर वृद्धाको मृत्यु

समाज संवाददाता

हेटौंडा: दोलखा जिल्लाको भिमेश्वर नगरपालिका-६, चोथाङमा गोरेटोबाटोमा लडेर एक वृद्धाको मृत्यु भएको छ । घरबाट चरिकोट बजारतर्फ जाने क्रममा गोरेटो बाटोबाट करिब ५ मिटर तल लडेकी ६० वर्षीया लक्ष्मी तामाङ मृत भेटिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । आइतबार दिउँसो १ बजेर ५० मिनेटको समयमा तामाङ मृत अवस्थामा भेटिएको भनी प्रहरीलाई जानकारी प्राप्त भएको बताइएको छ । प्रहरीले घटनास्थल पुगेर शवको मुचुल्कापश्चात आइतबार दिउँसो ३ बजेर १० मिनेटको समयमा पोष्टमार्टमका लागि चरिकोटस्थित पशुपति चौलागाई स्मृति अस्पताल पठाइएको जनाएको छ ।

# चट्याङ लागेर महिलाको मृत्यु

समाज संवाददाता

हेटौंडा: सिन्धुली जिल्लाको हरिहरपुरगढीमा चट्याङ लागेर एक महिलाको मृत्यु भएको छ । सोमबार साँझ ५:१५ बजेको समयमा परेको चट्याङ लागेर हरिहरपुरगढी गाउँपालिका-१, शिखरकी छलिमाया थिङको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीका अनुसार हरिहरपुरगढी-३, माडीस्थित खेतमा धान गोड्ने क्रममा चट्याङ लागेर हरिहरपुरगढी-१ शिखरकी ४० वर्षीया थिङको घटनास्थलमै मृत्यु भएको हो । चट्याङ लागेर अन्य २ जना घाइते भएका छन् । प्रहरीका अनुसार घाइते हुनेमा हरिहरपुगढी-१ शिखरकी ४० वर्षीया लुकुमाया रुम्बा र निजकी छोरी १८ वर्षीया सुशीला रुम्बा रहेकी छिन् । चट्याङ लागेर लुकुमायाको दाहिने खुट्टा, जिउ, टाउको र मुटु दुख्ने समस्या देखिएको छ भने सुशीलाको कान नसुन्ने, टाउको, शरीर दुख्ने समस्या देखिएको छ । उनीहरुको अवस्था मध्यम रहेको र मकवानपुर स्थित लामा पोलिक्लिनिक्समा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## जोन स्मृति फुटबल

# आयोजक ए सेमिफाइनलमा

समाज संवाददाता

हेटौंडा: मकवानपुरको मनहरी गाउँपालिकामा जारी प्रथम संस्करणको जोन राना मगर स्मृति फुटबल प्रतियोगिताअन्तर्गत सोमबार भएको क्वार्टरफाइनल चरणको खेलमा विजयी हुँदै आयोजक सयपत्री क्लब ए सेमिफाइनलमा प्रवेश गरेको छ । गाउँपालिका वडा-६ स्थित जोगीताल मैदानमा भएको क्वार्टरफाइनल चरणको खेलमा लामिटारलाई ३-१ गोल अन्तरले हराउँदै आयोजक सयपत्री ए सेमिफाइनलमा प्रवेश गरेको हो ।

आयोजकको तर्फबाट साजन थिङले २ गोल गरेका हुन् भने सुदेश मोक्तानले १ गोल गरेका हुन् । लामिटारबाट अमित तामाङले मात्र एक गोल गरेका हुन् ।

यस्तै, सोमबार भएकै दोस्रो खेलमा विजयी हुँदै एफसी मिन्था क्वार्टरफाइनलमा प्रवेश गरेको छ । कमलादेवी युवा क्लबलाई २-१ गोल अन्तरले हराउँदै एफसी मिन्था क्वार्टरफाइनलमा प्रवेश गरेको हो । एफसी मिन्थाको जीतमा अमृत चौधरीले एक गोल गरेका हुन् भने अर्को गोल उपहार स्वरुप आत्माघाति प्राप्त गरेको हो । कमलादेवीबाट अभिषेक लामाले एक गोल गरेका थिए ।

खेलको म्यान अफ द म्याच मिन्थाबाट गोलकर्ता चौधरी घोषित भएका छन् । उनले नगद पुरस्कार र मायाको चिनो प्राप्त गरेका छन् ।

आयोजक क्लबका पूर्वखेलाडी जोन मगरको सम्झनामा क्लबले प्रतियोगिता आयाजना गर्न सुरु गरेको हो । प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ ।

प्रतियोगिताको फाइनल खेल भदौ १७ गते हुनेछ । २१ वटा टिमको सहभागिता रहेको प्रतियोगितामा १० वटा टिम बाहिरिइसकेको छ । प्रतियोगिताका लागि करिब १ लाख ५० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

**विपद व्यवस्थापनमा सहयोगी बनौं**

- विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावित जीवनरक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको संचय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरचाह र संरक्षण गरौं,
- उद्धार, राहत, पुर्नस्थापना, पुनर्लाभ सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ